# साझा सेवा (सहकारी संस्था) लि.
## केन्द्रीय कार्यालय, बल्खु, काठमाडौं

**योजना :** घर भाडा (बहाल) मा लगाउने सम्बन्धी ।
**स्थान :** ककनी गाउँपालिका, रानीपौवा
**सूचना प्रकाशित मिति :** २०७८/०६/१०

**घर भाडा (बहाल) मा दिने सम्बन्धी सामान्य शर्तहरु :-**

१. संस्थाको सर्तको अधिनमा रही भाडामा लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट कम्पनी दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र नागरिकताको प्रतिलिपि सहित सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०७८/०६/२४ गते) दिनको ५:०० बजे कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालय, काठमाडौंमा पेश गर्नुपर्नेछ ।

२. दरभाउपत्र सिलबन्दी गरी खाम बाहिर दरभाउपत्रदाताको नाम र ठेगाना स्पष्ट लेख्नुका साथै विषयमा "पसल कवल सहित घर भाडामा लिने बारेको सिलबन्दी दरभाउपत्र" भनी स्पष्ट लेखी १५ औं दिन (२०७८/०६/२४) दिनको ५:०० बजे कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालय, काठमाडौंमा दर्ता गर्नुपर्नेछ । निर्धारित समयभित्र रीतपूर्वक प्राप्त हुन आएका दरभाउपत्रहरु १६ औं दिन २०७८/०६/२५ गते १२:३० बजे उपस्थित भएका सिलबन्दीपत्रदाता (निवेदक) र कार्यालयका कर्मचारीको रोहवरमा खोलिनेछ। सिलबन्दी दरभाउपत्र वा निजको प्रतिनिधिहरुको अनुपस्थिति भएमा पनि सिलबन्दीपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट सोही अनुसार हुनेछ ।

३. सिलबन्दी दरभाउपत्रमा वार्षिक भाडा खुलाई रकम अङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। अङ्क र अक्षर दुवै स्पष्ट नभएमा दरभाउपत्र रद्द गरिनेछ।

४. दरभाउपत्र स्वीकृत भएका निवेदकले सूचना पाएको १५ दिनभित्र आफूले कवोल गरेको वार्षिक भाडा रकमको ३ महिना बराबरको रकम धरौटी स्वरुप केन्द्रीय कार्यालय, काठमाडौं, पाटन शाखा, पुल्चोकस्थित हिमालयन बैंकको खाता च.हि.नं. ००६००४१३०९००१३ मा दाखिला गरी सक्कल बैंक भौचर सहित सम्झौता गर्न आउनुपर्नेछ । उक्त जमानत रकम सम्झौताको म्याद समाप्त भए पछि फिर्ता गरिनेछ । उपरोक्त अनुसार सम्झौता गर्न नआएमा निजको धरौटी जफत गर्न सकिनेछ।

५. घर प्रयोग गर्दा आवश्यक पर्ने बत्ती, पानी, फोहोरमैलाको व्यवस्थापन बहालवाला स्वयंले गर्नुपर्नेछ।

६. घर वहालमा लिई गरिने व्यवसायबारे स्पष्ट उल्लेख गर्नुपर्नेछ । संस्थालाई प्रतिकूल हुने र नेपाल सरकारले प्रतिबन्ध लगाएको व्यवसाय गर्न पाइने छैन ।

७. हुल हुज्जत हुने, बढी हल्ला खल्ला हुने र फोहरमैला हुने खालका व्यवसाय गर्न पाइने छैन ।

८. जम्मा २४१७.६ वर्गफूटले चर्चेको उक्त कवल लगायतको घर प्रति वर्गफूट बहालकर समेत न्यूनतम रु.३०/- (तीस) का दरले प्रति महिना जम्मा रु.७२,५२८/- (अक्षरेपी बहत्तर हजार पाँच सय अट्ठाइस) कायम गरिएको छ। उक्त रकमभन्दा घटी कबोल गर्ने दरभाउपत्र उपर कार्वाही हुने छैन। बहाल रकम प्रत्येक महिनाको पहिलो हप्ताभित्र भुक्तानी गरि सक्नुपर्नेछ।

९. घर वहाल कर (टिडिएस) वाहेक कानून बमोजिम अन्य कुनै कर तिर्नुपर्ने भएमा वहालबाला स्वयंले तिर्नुपर्नेछ।